November 3rd, 2024, Sunday

समाचार:

1. भारतलाई क्षयरोग मुक्त बनाउने प्रतिबद्धतामा सरकार दृढ रहेको प्रधानमन्त्री श्री नरेन्द्र मोदीको भनाइ
2. भारतीय जनता पार्टीका वरिष्ठ नेता र गृहमन्त्री श्री अमित शाहद्वारा झारखण्ड विधानसभा चुनावको लागि पार्टीको घोषणापत्र जारी
3. विदेशमन्त्री डा एस जयशंकर आजदेखि अष्ट्रेलिया र सिंगापुरको छ दिने भ्रमणमा
4. आज तमिलनाडु, पुडुचेरी र केरलामा मेघगर्जनसहित भारी वर्षा हुने मौसम विभागको पूर्वानुमान
5. हाइलो ओपन ब्याडमिन्टन प्रतियोगिताको महिला एकलतर्फ मालविका बन्सोड फाइनलमा प्रतिस्पर्धा गर्दै
6. अनि तेस्रो क्रिकेट टेस्ट म्याचमा न्युजिल्यान्डले भारतलाई २५ रनले पराजित गर्दै तीन खेलको श्रृङ्खला ३-० ले जित्न सफल अब समाचार विस्तारमा

1. PM – TB Decline

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज क्षयरोगका घटनामा कमी आउनु भारतको समर्पित र अभिनव प्रयासको परिणाम हो भन्नुभएको छ। देशको प्रगतिको प्रशंसा गर्दै, श्री मोदीले सामाजिक सञ्जाल पोस्टमा सामूहिक भावना मार्फत सरकारले क्षयरोगमुक्त भारतको दिशामा काम गरिरहनेछ भन्नुभयो। उहाँले भारतलाई क्षयरोग मुक्त बनाउने प्रतिबद्धतामा सरकार दृढ रहेको बताउनुभयो। विश्व स्वास्थ्य संगठनका अनुसार सन् २०१५ देखि २०२३ सम्म भारतमा क्षयरोगका घटनामा १७.७ प्रतिशतले कमी आएको छ। यो दर ८.३ प्रतिशतको विश्वव्यापी गिरावटको दोब्बरभन्दा बढी हो। हिजो एक सामाजिक सञ्जाल पोस्टमा जानकारी साझा गर्दै, स्वास्थ्य मन्त्री श्री जेपी नड्डाले क्षयरोग रोकथाम र नियन्त्रणमा भारतको परिवर्तनकारी दृष्टिकोणलाई प्रतिबिम्बित गर्दछ भन्दै जोड दिनुभयो। उहाँले क्षयरोगका बिरामीलाई आवश्यक पोषण सहयोग उपलब्ध गराउन सरकारले नि–क्षय पोषण योजनाजस्ता ठूला पहलहरू लागु गरेरर राष्ट्रिय क्षयरोग निवारण कार्यक्रमलाई विस्तार र सुदृढ गरेको बताउनुभयो।

2. Amit Shah - Manifesto

भारतीय जनता पार्टीका वरिष्ठ नेता तथा गृहमन्त्री श्री अमित शाहले आज झारखण्डको राँचीमा विधानसभा चुनावका लागि पार्टीको घोषणापत्र-संकल्प पत्र जारी गर्नुभएको छ। सो अवसरमा सम्बोधन गर्दै उहाँले राज्यमा भारतीय जनता पार्टीको सरकार बनेमा समान नागरिक संहिता लागु हुने बताउनुभयो।

3. Jaishankar - Visit

विदेशमन्त्री डा एस. जयशंकर आजदेखि अष्ट्रेलिया र सिंगापुरको ६ दिने भ्रमणमा हुनुहुन्छ। दुई देशको भ्रमणको पहिलो चरणमा ब्रिस्बेनमा भारतीय समुदायलाई सम्बोधन गर्दै श्री जयशंकरले भारत विकासको बाटोमा छ र विश्वसँगसँगै अगाडि बढ्न चाहन्छ भन्नुभयो। उहाँले विश्वका खास देशहरूसँग भारतको बृहत् रणनीतिक साझेदारी रहेको र अष्ट्रेलिया पनि तीमध्ये एक भएको बताउनुभयो। विदेशमन्त्रीले शिक्षा र अनुसन्धानको क्षेत्रमा विश्वव्यापी सहकार्यका प्रशस्त अवसर रहेको बताउनुभयो। भ्रमणका क्रममा एस जयशंकरले अष्ट्रेलियाको ब्रिस्बेनमा रहेको भारतको चौथो महावाणिज्य दूतावासको उद्घाटन गर्नु हुनेछ। उहाँले क्यानबेरामा आफ्ना अष्ट्रेलियाली समकक्षी श्री पेनी वोङसँग 15 औं विदेशमन्त्री फ्रेमवर्क संवाद-FMFD को सह-अध्यक्षता पनि गर्नु हुनेछ। भ्रमणको दोस्रो चरणमा डा. जयशंकर नोभेम्बर ८ मा सिंगापुर जानु हुनेछ।

4. Bio Diversity

कोलम्बियाको क्यालीमा जैविक विविधता महासन्धि COP-16 सम्मेलनमा संलग्न विभिन्न देशको १६औँ बैठक सम्पन्न भएको छ। यसले जैविक विविधता संरक्षणमा आदिवासी जनजाति र अफ्रिकी जातीय समुदायहरूको महत्त्वपूर्ण भूमिकालाई स्वीकार गरेको छ। "प्रकृतिसँग शान्ति" भन्ने नाराका साथ सम्पन्न COP-16 ले धेरै महत्त्वपूर्ण परिणामहरू हासिल गरेको छ। कोलम्बिया सन् २०२६ सम्म यस सम्मेलनको अध्यक्ष रहनेछ। सन् २०२६ मा आर्मेनियाले यसको अध्यक्षता गर्नेछ।

5. J & K Assembly LOP

जम्मू कश्मीरमा भाजपा विधायक दलले आज सर्वसम्मतिले श्री सुनील शर्मालाई नेतामा चयन गरेको छ। अब उहाँले जम्मु कश्मीर विधानसभामा विपक्षी नेताको रूपमा कार्य सम्हाल्न सक्नुहुनेछ। भाजपा विधानसभामा सबैभन्दा ठूलो विपक्षी दल हो। पूर्वमन्त्री श्री सुनील शर्मा किश्तवाडको पद्दार-नागसेनी सीटका विधायक हुनुहुन्छ।

6. J & K Explosion

जम्मु कश्मीरको श्रीनगरस्थित आकाशवाणी रेडियोको कार्यालय बाहिर आज दिउँसो भएको ग्रेनेड विस्फोटमा १० जना सर्वसाधारण घाइते भएका छन्। प्राप्त जानकारीअनुसार, संदिग्ध आतंककारीहरूले सुरक्षा बलको गाडीमा हानेको ग्रेनेड लक्ष्यबाट चुकेर सडकमा विस्फोट भएको थियो। प्रहरीले उक्त क्षेत्रलाई घेरा हालेर आक्रमणकारीलाई पक्राउ गर्न व्यापक खोजी अभियान सुरु गरेको छ।

7. Kerala – Ashwini Vaishnav

रेल मन्त्री श्री अश्विनी वैष्णवले केन्द्र सरकार मूल रूपरेखा अनुसार अंगमाली देखि इरुमेली सम्म सबरी रेलवे लाइन निर्माण गर्न प्रतिबद्ध छ भन्नुभएको छ। उहाँ आज दिउँसो त्रिशूर रेलवे स्टेशनमा एक कार्यक्रमलाई सम्बोधन गर्दै हुनुहुन्थ्यो। उहाँले केन्द्र सरकारले छिट्टै आयोजनाको मस्यौदा केरला सरकारलाई पठाउने र मस्यौदा भरेर अगाडि बढाइने बताउनुभयो। रेलमन्त्री श्री अश्विनी वैष्णव केरलाको एक दिने भ्रमणमा हुनुहुन्छ।

8. IMD Weather

मौसम विभागले आज तमिलनाडु, पुडुचेरी र केरलामा मेघगर्जनसहित भारी वर्षाको सम्भावना रहेको जनाएको छ। आगामी चार दिनसम्म उत्तरपश्चिम र पूर्वी भारतको न्यूनतम र अधिकतम तापक्रम दुईदेखि तीन डिग्री सेल्सियसले घट्ने सम्भावना छ। यस महिनाको ५ तारिखमा अण्डमान र निकोबार टापुमा भारी वर्षाको सम्भावना छ। आगामी २-३ दिनमा दिल्ली र एनसीआरमा बिहान र रातक समयमा हल्का कुहिरो पर्ने सम्भावना जनाएको छ।

9. PM Congratulates Botswana Prez

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले श्री डुमा बोकोलाई बोत्सवानाको राष्ट्रपतिमा निर्वाचित भएकोमा बधाई दिनुभएको छ। उहाँले आफ्नो सन्देशमा भारत र बोत्सवानासँगको सम्बन्धलाई थप मजबुत बनाउन नजिकको सहकार्यमा काम गर्न तत्पर रहेको बताउनुभयो।

10. Sports News

अब खेलसम्बन्धी केही खबरः भारतका अतनु दासले स्वीट्जरल्याण्डको लुसनमा भएको स्विस ओपन इन्डोर आर्चरी प्रतियोगितामा कास्य पदक जितेका छन्। उनले स्विट्जरल्याण्डका थोमस रुफरलाई हराए। अर्कोतर्फ, कङ्गोको ब्राजाभिलमा आयोजित एटीपी च्यालेन्स टेनिस प्रतियोगितामा भारतका करण सिंह र फ्रान्सका फ्लोरेन्ट बेक्सनले पुरुष युगलको उपाधि जितेका छन्। करणको यो पहिलो उपाधि हो। ब्याडमिन्टनमा भारतकी मालभिका बन्सोडले डेनमार्ककी जुली दावल ज्याकोबसेनलाई हराउँदै हाइलो ओपन प्रतियोगिताको महिला एकलको फाइनलमा प्रवेश गरेकी छि‍न्। क्रिकेटमा न्युजिल्यान्डले भारतसँगको तीन खेलको टेस्ट क्रिकेट श्रृंखला ३–० ले जितेको छ। आज मुम्बईमा भएको तेस्रो तथा अन्तिम क्रिकेट टेस्टमा भारतलाई २५ रनले पराजित गरेको छ। जितका लागि १४७ रनको जवाफमा भारतको टोली १२१ रनमा सिमित भयो। उल्लेख्य, बैंगलोरमा भएको पहिलो टेस्टमा न्युजिल्यान्डले भारतलाई ८ विकेटले र पुनेमा भएको दोस्रो खेलमा ११३ रनले पराजित गरेको थियो।

प्रमुख समाचार पुन: एकपटक

1. भारतलाई क्षयरोग मुक्त बनाउने प्रतिबद्धतामा सरकार दृढ रहेको प्रधानमन्त्री श्री नरेन्द्र मोदीको भनाइ
2. भारतीय जनता पार्टीका वरिष्ठ नेता र गृहमन्त्री श्री अमित शाहद्वारा झारखण्ड विधानसभा चुनावको लागि पार्टीको घोषणापत्र जारी
3. विदेशमन्त्री डा एस जयशंकर आजदेखि अष्ट्रेलिया र सिंगापुरको छ दिने भ्रमणमा
4. आज तमिलनाडु, पुडुचेरी र केरलामा मेघगर्जनसहित भारी वर्षा हुने मौसम विभागको पूर्वानुमान
5. हाइलो ओपन ब्याडमिन्टन प्रतियोगिताको महिला एकलतर्फ मालविका बन्सोड फाइनलमा प्रतिस्पर्धा गर्दै
6. अनि तेस्रो क्रिकेट टेस्ट म्याचमा न्युजिल्यान्डले भारतलाई २५ रनले पराजित गर्दै तीन खेलको श्रृङ्खला ३-० ले जित्न सफल